संवत् २०८१ साल असोज ९ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ००३/२०८१/२०८२

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | राजश्व शाखा | थाहा नगरपालिका राजश्व परामर्श समितिको मिति २०८१/०६/०६ गते भएका निर्णयहरु अनुमोदन गर्ने । |
| २. | राजश्व शाखा | थाहा नगरपालिकाबाट निकासी हुने माटो सामान्य माटो नभइ विभिन्न कस्मेटिक सामग्री निर्माण तथा सेरामिक्सका भाडाहरु निर्माण गर्ने प्रयोजनका लागि विशेष प्रयोग हुने हुँदा उक्त माटोको निकासी शुल्क प्रति सेफ्टी (घ.फि.) रु. ६ कायम गर्न कार्यपालिकामा सिफारिस गर्ने । त्यसैगरी सामान्य माटोको हकमा प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम नै हुने । |
| ३. | राजश्व/प्रशासन शाखा | थाहा-५ मा अमानतमा कर संकलक राख्न उपयुक्त देखी वडा कार्यालयबाट सिफारिस प्राप्त भएको हुँदा ५ नं. वडा निवासी गणेश खड्कालाई कर संकलक राख्ने । |
| ४. | योजना महाशाखा | धर्तीमाता विल्डर्सको मिति २०८१।०५।२७ गते कार्यालयमा प्राप्त पत्रको सम्बन्धमा निजले माग गरेको विवरण कार्यालयसँग भएको सम्झौता अनुरुप भए/नभएको, कानुन सम्वत् भए/नभएको अध्ययन गरी टिप्पणी उठाइ प्रतिउत्तर लेखी पठाउने । |
| ५. | राजश्व/ अनुगमन समिति | थाहा नगरमा सञ्चालनमा रहेका क्रसर व्यवसायीहरुसँग ढुङ्गा, गिट्टी, बालुवा उतखनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड,२०७७ को दफा (११) को उपदफा (७) बमोजिम आफ्नो उत्पादनको वार्षिक मौज्दात तथा खरीद बिक्रिको परीमाण सार्वजनिक गरी पालिकामा बुझाउनुपर्ने नियम बमोजिम सो खरीद बिक्रिको विवरण, लेखापरीक्षण विवरण, वातावरणीय अडिट रिपोर्ट माग गर्ने र सो को आधारमा क्रसर उद्योगहरुको अनुगमन गर्ने । |
| ६. | राजश्व शाखा | मिति २०८१।०५।३० गते प्रकाशन गरिएको बहाल कर सम्बन्धी सूचनामा द्विविधा उत्पन्न भएकोमा कृषि फर्म सञ्चालनार्थ बहालमा जग्गा लिई व्यवसायिक रुपले उत्पादन, बिक्रि, वितरण गर्ने कृषि व्यवसायीहरुका लागि मात्र १५ का दरले बहाल कर लगाई असुल उपर गरिनेछ । कागजमा मात्र सिमित रहेको कृषि फर्म अर्थात विदेश जाने प्रयोजनका लागि दर्ता भएका फर्महरुको हकमा यो नियम लागु हुने छैन । |
| ७. | प्रशासन शाखा | यस थाहा नगरपालिकामा कार्यरत अधिकृतस्तर छैठौं श्री अस्मिता तिवारी घिमिरेलाई "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९" मा सातौं तहमा स्तरवृद्धि एवं तह मिलान गर्ने । |
| ८. | प्रशासन शाखा | महिला शान्ति र सुरक्षा सम्बन्धी संयुक्त राष्ट्रसंघ, सुरक्षा परिषद् प्रस्ताव नं. १३२५ र १८२० को कार्यान्वयन सम्बन्धी दोश्रो कार्ययोजना (आ.व. २०७९/८०-२०८१/८२) को १२.५ मा भएको व्यवस्था बमोजिम नगर प्रमुख श्री विष्णु बहादुर विष्टको संयोजकत्वमा तपसिल बमोजिम स्थानीय समिति गठन गर्ने । |
| विविध १. | योजना महाशाखा | एउटै आजोजनाको लागि विभिन्न स्रोतबाट प्राप्त रकम एउटै प्याकेजमा ठेक्काको सूचना आव्हान गर्ने । |
| २. | प्रशासन शाखा | थाहा नगरपालिकामा करारमा कार्यरत कर्मचारीहरुको योगदानमा १५ वर्षको लागि ५०प्रतिशत नगरपालिकाबाट र ५० प्रतिशत सम्बन्धीत कर्मचारीबाट योगदान गर्ने गरी रु.२,००,०००/- को विमा गर्ने । |
| ३. | भवन निर्माण तथा इजाजत शाखा | यस नगर क्षेत्रभित्र नक्सा पास नगरी निर्माण भएका संरचना (आवासीय, औद्योगिक, ब्यापारिक, संस्थागत तथा अन्य संरचना) को नक्सा नियमित अथवा अभिलेखीकरण कार्य चालु आर्थिक वर्ष २०८१/०८२ सम्म म्याद थप गर्ने । |

| | | |
|---|---|---|
| ४. | योजना/आर्थिक प्रशासन शाखा | राष्ट्रिय योजना आयोगबाट आ.व. २०८१/०८२ को लागि विशिष अनुदान अन्तरगत आयोगबाट प्रकाशित रातो किताबमा थाहाको क्षयरोगमुक्त अभियान शीर्षकमा रकम विनियोजन देखिएको तर स्थानीय तहका SuTRA/LMBIS मा झक्कडाडा ऐसेलु खर्क पुरनखानी मोरिया सुलिकोट बृहत खानीपानी आयोजना, थाहा-८ को शीर्षकमा विशेष अनुदानको रकम देखिएको हुँदा SuTRA मा देखिएको खानेपानी शीर्षकको आयोजनाको ठेक्का लगाउने । पछि LMBIS मा शीर्षक परिवर्तन भएपनि सोही आयोजना कार्यान्वय गरी रकम भुक्तानी गर्ने । |
| ५. | प्रशासन/कृषि शाखा | काठमाण्डौं महानगरपालिकाको आर्थिक वर्ष २०८१/०८२ को "एग्रो पुलिङ" कार्यक्रममा आवद्धताको लागि कुन्छाल कृषि सहकारी संस्था लिमिटेडलाई सिफारिस दिने । |
| ६. | राजश्व/प्रशासन शाखा | थाहा नगरपालिका क्षेत्रबाट निकासी हुने प्राकृतिक स्रोत (ढुङ्गा, गिट्टी र बालुवा) को टेण्डर नलागेको हुँदा अमानतबाट नियमानुसार राजश्व संकलन गर्न मासिक रु.२४,५००/- अक्षेरुपी चौबीस हजार पाँच सय मात्र तलब पाउने गरी सम्बन्धीत वडा कार्यालयको सिफारिस बमोजिम तपसिलका कर संकलकहरुको नियुक्ति गर्ने :<br>क) वडा नं. ५ : गणेश बहादुर खड्का<br>ख) वडा नं. ६ : सन्चर थोकर<br>ग) वडा नं. ७ : युनिक राज मुक्तान<br>घ) वडा नं. ८ : लील बहादुर थिङ्ग |
| ७. | योजना महाशाखा | थाहा नगरपालिका योजना महाशाखा र प्राविधिक शाखाको सिफारिस बमोजिम कुलगाउँ भित्रि सडक स्तरोन्नतीको २०८१ पौष मसान्तसम्म म्याद थप गर्ने । |

(हिरेन्द्र कुमार रायमाझी)
प्रवक्ता